स्वतःप्रकाशन (२०८२,श्रावण-असोज)

(Proactive Disclosure)

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)

आन्तरिक राजस्व कार्यालय, लहान

मिति २०८२ कार्तिक

राष्ट्रिय गान

सयौं थुगा फूलका हामी, एउटै माला नेपाली

सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी, सम्पदाको आँचल

वीरहरुका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमी, शान्तिभूमी तराई, पहाड, हिमाल

अखण्ड यो प्यारो हाम्रो, मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल

अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय

लहान, सिरहा

<u>कार्यरत कर्मचारीहरुको विवरणः</u>

सि.नं.	कर्मचारीको नाम	पद
१	श्री भिम प्रसाद काफ्ले	प्रमुख कर अधिकृत
२	श्री प्रमोद दास	कर अधिकृत
३	श्री सुरेश कुमार महतो	कर अधिकृत
४	श्री ज्ञानिन्द्र राई	कर अधिकृत
५	श्री प्रकाश राई	कर अधिकृत
६	श्री युवराज एम एस पाल	कर अधिकृत
७	श्री मदन कुमार साह	कम्प्यूटर अधिकृत
८	श्री राम एकवाल पंडित	नायव सुब्बा
९	श्री शत्रुधन महतो	नायव सुब्बा
१०	श्री सन्त शेर्मा	नायव सुब्बा
११	श्री टंक पोखरेल	नायव सुब्बा
१२	श्री पशुपती यादव	नायव सुब्बा
१३	श्री रामसजन महतो	नायव सुब्बा
१४	श्री शंकर कुमार साह	लेखापाल
१५	श्री सिता निरौला	टा.ना.सु
१६	श्री प्रशान्त श्रेष्ठ	कम्प्यूटर अपरेटर
१७	श्री एसपी सिंह	कम्प्यूटर अपरेटर
१८	श्री धर्मनाथ साह	कार्यालय सहयोगी
१९	श्री महेश कुमार सिंह	ह.स.चालक(करार)
२०	श्री अनिताकुमारी यादव	का.स(करार)
२१	श्री छवि पोखरेल	का.स(करार)

हाम्रो भन्नु

विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९८४ को धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरेकोले सूचनाको स्वःस्फुर्त प्रवाहलाई बढावा दिनु वाञ्छनीय हुने देखिन्छ। नेपालको संविधान २०७२ को धारा २७ बाट प्रत्याभूत एवं धारा २८ बाट व्यवस्थित सूचनाको हकलाई संरक्षण गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक नियकायले सार्वजनिक सरोकार एवं गतिविधिको विवरण प्रत्येक ३/३ महिनामा तोकिएका विवरण समावेश गरी प्रकाशन गर्नुपर्ने छ। व्यवस्था गरेको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम (३) ले व्यवस्था गरेका विभिन्न शिर्षक बमोजिमका सूचना आम नागरिकको सु-सूचित हुने हकलाई मध्यनजर गर्दै नागरिकले माग नगरे पनि निकायको जवाफदेहिता, पारदर्शीता र विश्वासनीयताका लागि नियमित रुपमा विवरण स्वतः (Proactive Disclosure) गर्नुपर्ने मान्यता रहेको छ।

उल्लेखित मान्यतालाई मध्यनजर गर्दै आन्तरिक राजस्व कार्यालय, लहानले २०८२ साल श्रावण देखि असोज महिना सम्म भए गरेका स्वतः प्रकाशन गर्न मिल्ने सम्पूर्ण गतिविधिको विवरण प्रकाशित गरेको छ। यस कार्यालयसँग सम्बन्धित आम नागरिकको सरोकारका कुनै पनि विषयका सूचना आवश्यक परेमा कार्यालयमा सम्पर्क गर्नुहुन आग्रह गर्दछौ। साथै नागरिकले पनि आफ्नो सूचित हुने हकको प्रयोग गर्दै सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेहि बनाउनको लागि सहयोग गर्न अनुरोध गर्दछौ।

मितिः २०८२ कार्तिक

प्रमोद दास
सूचना अधिकारी

भिम प्रसाद काफ्ले
प्रमुख कर अधिकृत

बिषयसूची

१. कार्यालयको स्वरुप र प्रकृति
२. सोच, गन्तव्य, उद्देश्य ए प्रतिवद्धता
३. कार्यालयको काम, कर्तव्य र अधिकार
४. करदाताको काम, कर्तव्य र अधिकार
५. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण
६. कार्यालयबाट प्रदान गरिने सेवा
७. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारी
८. सेवा प्राप्त गर्न आवश्यक कागजात,लाग्नेदस्तुर, सम्पर्कशाखा र गुनासो सुन्ने अधिकारी
९. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
१०. निर्णय उपर उजुरी सुन्ने अधिकारी
११. सम्पादन गरेको कामको विवरण
१२. बार्षिक राजस्व संकलन
१३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर
१४. अडियो नोटीस बोर्ड, वेवसाइट र पेज
१५. प्राथमिक ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१६. कर प्रशासनको अनुरोध
१७. आम्दानी खर्च तथा आर्थिक कोरोबार सम्बन्धी अद्यावधिक विवरण
१८. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको विवरण
१९. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषय
२०. कार्यालयका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण
२१. सूचनाको हक सम्बन्धी महत्वपूर्ण जानकारी

१. कार्यालयको परिचय, स्वरुप, प्रकृति र कार्यक्षेत्रः

विश्वमा बढ्दो आर्थिक अन्तरनिर्भरता र पूँजी, प्रविधि र श्रमको बढ्दो प्रवाह अनुरुप मुलुकको कराधारको संरक्षण गर्नुपर्ने आवश्यकता महसुस गरी नेपालमा व्यवस्थित कर प्रणाली थालनी भएको ६६ दशक बढी भईसकेको छ। त्यस्तै स्वयंकर निर्धारणको सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको दुई दशकभन्दा बढी भईसकेको छ। आयकर प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले आयकर ऐन, २०५८ तथा अन्तःशुल्कलाई आधुनिक र व्यावहारिक बनाउने उद्देश्यले अन्तःशुल्क ऐन, २०५८ जारी भई कार्यान्वयनमा आएको २० वर्ष बढी भैसकेको छ। त्यस्तै एकल एवं अत्याधुनिक लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तर्जुमा भई २०५४ साल मंसिर १ गतेदेखि मूल्य अभिवृद्धि कर लागू गरिएको हो।

कर राजस्व उठाउने मुख्य जिम्मेवारी पाएको आन्तरिक राजस्व विभागले देशका विभिन्न ४३ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय १, ठूला करदाता कार्यालय १ तथा ३९ वटा करदाता सेवा कार्यालयमार्फत देशको कर प्रशासनको व्यवस्थापन एवं सञ्चालन गर्दै आएको छ। सगरमाथा अञ्चल कार्यक्षेत्र रहने गरी यस आन्तरिक राजस्व कार्यालय, लहानले निरन्तर रुपमा करदातालाई सेवा प्रवाह एवं सहजीकरण गर्दै आएको छ। आन्तरिक राजस्व कार्यालय, लहानको कार्यालय, लहान नगरपालिकाको वडा नं. ८ मा रहेको छ।

आन्तरिक राजस्व विभाग अन्तर्गत रहेको आन्तरिक राजस्व कार्यालय, लहान अन्तर्गत करदाता सेवा कार्यालय-राजविराज, करदाता सेवा कार्यालय-गाईघाट, करदाता सेवा कार्यालय-लुक्ला, करदाता सेवा कार्यालय-दिक्तेल, करदाता सेवा कार्यालय-ओखलढुङ्गा रहेका छन् । आन्तरिक राजस्व कार्यालय, लहानको प्रमुख कार्य नेपालमा आन्तरिक रुपमा परिचालन हुने प्रमुख करहरु आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको प्रशासन गर्नु हो।

२. सोच, गन्तव्य, उद्देश्य, मान्यता एवं प्रतिवद्धताः

कानून बमोजिम, उद्योग व्यवसाय गरौ, कर तिरौ असल करदाताको परिचय बनाई सरकारको राजस्व लक्ष्य प्राप्त गर्न योगदान गरौ भन्ने अभिप्रायका साथ आन्तरिक राजस्व कार्यालय, लहान राजस्व प्रशासनका कार्यहरु गरिरहेको छ। कार्यालयलाई व्यवसायिक संगठन बनाउने दिशामा अग्रसर यस आन्तरिक राजस्व कार्यालय, लहानको सोच, गन्तव्य, उद्देश्य एवं प्रतिबद्धता देहाय वमोजिम रहेका छन्:

- **सोच (Vision):**
  आन्तरिक राजस्व परिचालनका लागि व्यवसायिक संगठनको रुपमा स्थापित गर्ने।
  गन्तव्य (Mission): स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्दै कर कानूनको कार्यान्वयन गर्ने।
- **समग्र उद्देश्य (Overall Objective):**
  सक्षम र प्रभावकारी कर प्रणालीको प्रवर्द्धन गर्ने।
  मुल्य मान्यता (Values):
- समता पूर्ण व्यवहार,
- करदाताको सम्मान,
- सदाचारिता र प्रतिवद्धता,
- सहकार्य,
- नवीन सोचका साथ कार्य गर्ने,

  प्रतिवद्धताहरू:
- करदातालाई सम्मान र सेवा, सुशासनलाई टेवा,
- कर सहभागितामा प्रवर्द्धनात्मकता,
- सरल, सहज र प्रविधिमैत्री कर प्रशासन,
- मुस्कान सहितको सेवा,

३. कार्यालयको काम, कर्तव्य र अधिकार:

यस आन्तरिक राजस्व कार्यालय, लहानको काम, कर्तव्य र अधिकार निम्न रहेका छन्:

- आयकर, मूल्य अभिवृद्धि कर एवं अन्तःशुल्क लगायतका करको प्रयोजनका लागि एकल दर्ता प्रणालीको रुपमा स्थायी लेखा नम्बर जारी गरी कर प्रशासन सञ्चालन गर्नु,
- प्राकृतिक व्यक्तिको लागि P-PAN जारी गर्नु,
- नियमित बजार अनुगमन गर्नु, करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु, अन्तरक्रिया, गोष्ठी एवं छलफलजस्ता कार्यक्रम सञ्चालन गर्नु,

- मदीरा तथा सूर्तिजन्य पदार्थको विकिवितरण गर्नलाई इजाजत प्रदान गर्नु, वार्षिक रुपमा इजाजतपत्र नविकरण गर्नु कर संकलन गर्नु, बक्यौता, बेरुजु दाखिला गर्न लगाउनु,
- आयकर, मूल्य अभिवृद्धि कर एवं अन्तःशुल्क लगायतका कर आकर्षित हुने कारोबारलाई करको दायरामा ल्याउनु,
- कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्नु।

४. करदाताका अधिकार र कर्तव्यः

अधिकारः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,
ख. प्रचलित कानून बमोजिम करसम्बन्धी भएका अभ्यासहरूको सूचना प्राप्त गर्ने,
ग. कर सम्बन्धी कुरामा सफाइ पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,
घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार,
ड. कर सम्बन्धी गोपनीय कुरा ऐनमा उल्लेख भएदेखि बाहेक अनतिक्रम्य हुने अधिकार,
च. बढी दाखिला भएको कर फिर्ता पाउने वा समायोजन गर्ने अधिकार,
छ. पूवदिश माग्ने अधिकार,
ज. प्रशासकीय पुनरावलोकन वा पुनरावेदन सम्बन्धी अधिकार।

कर्तव्यः

क. स्थायी लेखा नम्बर तथा दर्ता प्रमाण पत्र लिनुपर्ने,
ख. वस्तु वा सेवा बिक्री तथा आपूर्ती गर्दा बिल बिजक जारी गर्नुपर्ने,
ग. कारोबारको अभिलेख राखुपर्ने,
घ. अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने,
ङ. समयमा नै कर विवरण दाखिला गर्नुपर्ने,
च. समयमा नै कर दाखिला गर्नुपर्ने,
छ. कार्यालयले माग गरेको सूचना दिनुपर्ने,
ज. कार्यालयले सूचना दिएमा उपस्थित हुनुपर्ने,
झ. कार्यालयको काम कारवाहिमा बाधा विरोध गर्न नहुने।

५. <u>कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः</u>

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल कार्यालयमा जम्मा २१ जना कर्मचारीहरु कार्यरत छन्।

क्र.सं.	पद	तह/श्रेणी	सेवा	समूह	सांविक	थप	घट	कायम	कार्यरत	कैफीयत
१	प्रमुख कर अधिकृत	रा.प.द्वि.	प्रशासन	राजस्व	१	०	०	१	१	
२	कर अधिकृत	रा.प.तृ.	प्रशासन	राजस्व	६	०	१	६	५	
३	कम्प्युटर/सूचना प्रविधि अधिकृत	रा.प.तृ.	विविध	विविध	०	०	०	०	१	फाजिल
४	नायब सुब्बा	रा.प.अनं.प्र.	प्रशासन	राजस्व	९	०	३	९	६	
५	लेखापाल	रा.प.अनं.प्र.	प्रशासन	लेखा	१	०	०	१	१	
६	डा.ई.सु/क.अ.	रा.प.अनं.प्र.	विविध	विविध	३	०	०	३	३	१ जना फाजिल
७	ह.स.चालक	श्रेणी विहिन			१	०	०	१	१	१ करार
८	कार्यालय सहयोगी	श्रेणी, विहिन			४	०	३	४	३	२ करार
जम्मा					**२५**	**०**	**७**	**२५**	**२१**	

नोटः स्थायी पदपूर्ति नभएमा हलुका सवारी चालक र कार्यालय सहयोगी पदहरुको सेवा करारमा लिएको।

संगठन तालिका:


प्रमुख कर अधिकृत
भिम प्रसाद काफ्ले
करदाता सेवा तथा अन्तःशुल्क शाखा
कर परीक्षण तथा अनसन्धान शाखा (ख)
कर संकलन शाखा
पूर्ण कर परीक्षण तथा अनुसन्धान शाखा (क)
१. कर अधिकृत
सुरेश कुमार महतो
२. कम्प्यूटर अधिकृत
मदन कुमार साह
३. नायव सुब्बा
सन्त शेर्मा
४. नायव सुब्बा
राम एकवाल पंडित
५. नायव सुब्बा
रामसजन महतो
६. डा.ई.सु.
एसपी सिंह
७. डा.ई.सु.
एसपी सिंह
८. टा.ना.सु.
सिता निरौला
९. लेखापाल
शंकर कुमार साह
१०. ह.स.चा.
महेशकुमार सिंह
११. का.स.
धर्मनाथ साह
१२. का.स.
छवि पोखरेल
१. कर अधिकृत
प्रमोद दास
२. कर अधिकृत
ज्ञानिन्द्र राई
३. नायव सुब्बा
पशुपति यादव
४. का.स.
अनिता कुमारी यादव
१. कर अधिकृत
प्रकाश राई
२. नायव सुब्बा
शत्रुधन कुमार महतो
१. कर अधिकृत
युवराज
एम.एस.पाल
२. नायव सुब्बा
टंक पोखरेल

६. कार्यालयबाट प्रदान गरिने सेवा:

६.१. उद्योगी, व्यवसायी एवं प्राकृतिक व्यक्तिलाई स्थायी लेखा नम्बर (PAN र P-PAN) दर्ता प्रमाण पत्र प्रदान गर्ने,
६.२. आय विवरण, मू.अ.कर विवरण, अन्तःशुल्क विवरण लिने, Verify गर्ने,
६.३. मदीरा तथा सूर्तिजन्य पदार्थहरुको बिक्रि बितरण गर्नलाई इजाजत प्रदान गर्ने, वार्षिक रुपमा इजाजतपत्र नविकरण गर्ने,
६.४. आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क दाखिला लिने/गर्न लगाउने,
६.५. नियमित बजार अनुगमन गर्ने,
६.६. कर संकलन गर्ने, बक्यौता, बेरुजु दाखिला गर्न लगाउने,
६.७. करदाताको सचेतनाको लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने,
६.८. कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्ने आदि।

७. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारी:

७.१ करदाता सेवा शाखा:

- कार्यालयबाट प्रदान गरिने सेवाहरु प्रदान गर्ने,
- कर अधिकृत श्री सुरेश कुमार महतो,
- कम्प्युटर अधिकृत श्री मदन कुमार साह,
- ना.सु. राम एकवाल पंडीत,
- टा.ना.सु. सिता निरौला,

७.२ कर संकलन शाखा:

- कर संकलन गर्ने,
- बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय पठाउने,
- बक्यौताको लागि संकलन भ्रमण गर्ने,
- कर अधिकृत श्री प्रकाश राई,
- ना.सु. शत्रुधन कुमार महतो

८. सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी/सार्वजनिक सेवा बडापत्रः

सि.नं.	सेवाको प्रकार	आवश्यक कागजात तथा प्रक्रिया	लाग्ने समय	शाखा/कोठा काउण्टर
१.	**व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको लागि**	• आन्तरिक राजस्व विभागको वेभ साईट www.ird.gov.np मा Taxpayer Portal को Integrated Tax System मा गई Registration अन्तर्गत आफ्नो लागि तोकिएको फाराम विष्टि गरी Submission नम्बर प्राप्त गर्ने र उक्त दर्ता विवरण प्रिन्ट गरी देहायका कागजात सहित कार्यालयमा पेश गर्नुपर्ने । • हाल सालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति /(Biometric) दर्ता प्रणाली मार्फत फोटो खिच्ने । **व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN)लिनको लागि** • Biometric दर्ता प्रणाली मार्फत फोटो खिच्ने • नागरिकताको प्रतिलिपी • गैर नेपाली नागरिकको लागि आधिकारिक परिचयपत्रको प्रतिलिपि • रोजगारदाताले रोजगारी प्रमाणित गरेको पत्र । **व्यक्तिगत (प्रोप्राइटरसीप) फर्मको लागि** • व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी • नागरिकताको प्रतिलिपी • हाल सालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति /(Biometric) दर्ता प्रणाली मार्फत फोटो खिच्ने । • आफ्नै घरमा कारोवार गर्ने भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी • बहाल/भाडामा भए घर/ जग्गा भाडाको सम्झौतापत्रको प्रतिलिपी • गैर नेपाली नागरिकको लागि आधिकारिक परिचयपत्रको प्रतिलिपी • यस अघि PPAN लिईसकेको भएमा सो कार्ड पेश गर्ने वा नम्बर उल्लेख गर्नुपर्ने ।	१ घण्टा	करदाता सेवा शाखा/काउन्टर नं. १ र २

		निकायको लागि • प्रवन्ध पत्र एवं नियमावली वा साझेदारी सम्झौतापत्र वा विधानको प्रतिलिपी • कम्पनीको संचालक वा साझेदारहरु वा संस्थाको कार्यसमितिका पदाधिकारहरुको नागरिकताको प्रतिलिपीहरु • PAN दर्ता गर्ने तथा फोटो टाँस गरी प्रमाणपत्र लिने व्यक्तिको अधिकारपत्र र माइन्यूट लगायतका कागजातका प्रतिलिपीहरु र उक्त व्यक्तिको पासपोर्ट साइजको फोटो २ प्रति/Biometric दर्ता प्रणाली मार्फत फोटो खिच्ने • निकाय/संस्थाको छाप र स्थायी लेखा नम्वर लिने पत्र • निकायको आफ्नै घर भएमा जग्गाधनी प्रमाण पूर्जाको प्रतिलपी • बहाल/भाडामा भए घर/जग्गा भाडाको सम्झौताको प्रतिलिपी । **निकायको संयुक्त उपक्रम (Joint Venture) को लागि** • फर्महरु विचको सम्झौता/प्रवन्धपत्र • सवै फर्महरुको कर चुक्ताको प्रमाणपत्र • कार्य प्रदान गर्ने निकायसँगको सम्झौतापत्र वा आसयपत्र • साझेदारहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी • ठेक्का इजाजतपत्र (नवीकरण भएको) को प्रतिलिपी र छाप • मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताले मु.अ.कर खरिद खाता र विक्री खाता १/१ थान समेत पेश गरि प्रमाणित गराई लैजानुपर्नेछ ।		
२.	**व्यवसायसँग सम्वन्धित विवरण परिवर्तन गर्नको लागि (जस्तैः शाखा थप गर्न, व्यवसायको नाम, ठेगाना, उदेश्य परिवर्तन लगायतका कार्य)**	**परिवर्तन गरिनुपर्ने विषयसँग सम्वन्धित आबश्यकता पर्ने देहायका कागजात सहित निवेदन पेश गर्नुपर्ने ।** • स्थायी लेखा नम्वर दर्ताको प्रमाणपत्र • सम्वन्धित निकायबाट प्रमाणित भएको संसोधन गर्नुपर्ने विषयका प्रमाणहरु • तोकिएका ढाँचामा शाखाका पूर्ण	सोही दिन	करदाता सेवा शाखा/काउन्टर नं. १ र २

		विवरण • बहालमा भए सम्झौता, आफ्नै घर भएमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी		
३.	**कर छुटको प्रमाण-पत्र लिनको लागि (आयकर ऐन,२०५८ को दफ २(घ) सँग सम्वन्धित संस्थाको लागि**	• संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी संस्थाको विधानको प्रतिलिपी • स्थायी लेखा नम्वर दर्ताको प्रमाण-पत्र • लेखा परीक्षण प्रतिवेदन एवं प्रमाणित वित्तीय विवरण सहितको निवेदन ।	सोही दिन	करदाता सेवा शाखा/काउन्टर नं. १ र २
४.	**अन्तःशुल्क दर्ता एवं नविकरणको लागि**	• स्थायी लेखा नम्वर दर्ताको प्रमाण-पत्रको प्रतिलपी • सम्वन्धित स्थानीय निकायको सिफारिस पत्र • रीतपुर्वक भरिएको दरखास्त फारम • नविकरणको लागि इजाजतको सक्कल प्रति लिई आउनु पर्नेछ • व्यवसायको प्रकृति अनुसार लाग्ने दस्तुर दाखिला गरेको भौचर(अन्तःशुल्क नियमावली,२०५९ को अनुसूची २ बमोजिम लाग्ने दस्तुर)	२ घण्टा	करदाता सेवा शाखा/काउन्टर नं. १ र २
५.	**कर चुक्ता प्रमाण-पत्रको लागि**	• सम्वन्धित आ.व. सम्मको आय विवरण लगायत सवै विवरणहरु दाखिला भएको । • सवै प्रकारको कर बक्यौता तथा बेरुजु नरहेको र कर सम्वन्धी कुनै दायित्व बाँकी नरेहको • आफुले अग्रिम करकट्टी गरी दाखिला गर्नुपर्ने कर तथा विवरण दाखिला भएको • तोकिएको ढाँचामा दरखास्त फारम पेश गर्नुपर्नेछ ।	२ घण्टा	करदाता सेवा शाखा/काउन्टर नं.१
६.	**मूल्य अभिवृद्धि कर समायोजन पत्रको लागि**	• सम्वन्धित कार्यालयको भुक्तानी विवरण, • मूल्य तथा अन्तःशुल्क अभिवृद्धि कर खरिद खाता,विक्री खाता एवं सम्वन्धित विजकहरु	सोही दिन	संकलन शाखा/काउण्टर नं.३
७.	**कर फिर्ताको लागि**	• मुल्य अभिवृद्धि करको लागि अनुसूची १० बाट माँग गरी कार्यालयमा जानकारी गराउने • आयकर तथा अन्तःशुल्कको लागि पुर्ण विवरण खुलाई आवश्यक प्रमाण संलग्न गरेर निवेदन पेश गर्ने ।	सम्वन्धित ऐनले तोकेको अवधिभित्र	कर परीक्षण अनुसन्धान तथा कर फिर्ता शाखा क/ख

		• तोकिएका आवश्यक विवरणहरु तयार गरी परीक्षणको लागि खाता एवं बीजकहरु पेश गर्ने		
८.	**कर परिक्षण तथा अनुसन्धान**	• कार्यालयबाट माँग भएका प्रमाण,विवरण तथा कागजातहरु परीक्षणका लागि उपलब्ध गराउने । • आवश्यकता अनुसार कारोवार स्थलको भ्रमण निरीक्षण गर्न सहयोग गर्ने । • परीक्षण तथा अनुसन्धानमा पुर्ण सहयोग गर्ने ।	कागजात प्रमाण पेश गरेको आधारमा	कर परीक्षण अनुसन्धान तथा कर फिर्ता शाखा क/ख
९.	**फायल स्थानान्तरण/करदाताको कार्यक्षेत्र परिवर्तन गर्ने कार्य**	• पुरा व्यहोरा खुलाईएको निवेदन • गत आ.व.सम्मको आय विवरण लगायत सवै विवरणहरु दाखिला भएको र कर चुक्ता भएको • सम्वन्धित निकायमा व्यवसाय दर्ता गरेको प्रमाण-पत्रको प्रतिलिपी	सोही दिन	करदाता सेवा शाखा/काउन्टर नं. १ र २
१०.	**कर विवरण आय विवरण बुझाउने तथा कर दाखिला गर्ने**	• शुरुमा एक पटक कार्यालयमा निवेदन पेश गरी User name बनाई Password लिने • विवरण दाखिला करदाता स्वयंले विद्युतीय माध्यमबाट Online प्रविष्टि गर्ने • विवरण बमोजिमको तथा दाखिला गर्नुपर्ने कर रकम तोकिएको बैंकमा दाखिला गर्ने • विद्युतीय माध्यम(e-payment) बाट समेत तोकिएको रकमसम्मको कर भुक्तानी गर्न सकिने • डे-०१ आय विवरण बैंक भौचरमा भरेर तिर्नु पर्ने कर रकम सोहि भौचरबाट बैंक दाखिला गर्ने वा कनेक्ट आइ.पी.एस.को माध्यमबाट कर भुक्तानी र विवरण दाखिला हुने • डे-०१ आय विवरणको कर चुक्ता समेत स्वचालित रुपबाट प्राप्त हुने	विद्युतीय माध्यमबाट जुनसुकै समय तत्कालै गर्न सकिने	करदाता स्वयंले जुनसुकै स्थानबाट र राजस्व दाखिला सम्वन्धित बैंकबाट
११.	**दर्ता स्थगन तथा खारेजी**	• व्यवसाय दर्ता गरेको निकायबाट खारेजी वा लगतकट्टा गरेको पत्र • स्थगन वा खारेजी माँग गरेको रीतपुर्वकको निवेदन,मु.अ.कर खारेजीको लागि अनुसूची १/१ समेत भर्ने • कर परीक्षणको लागि माँग भएका प्रमाण विवरण तथा कागजातहरु परीक्षणका लागि उपलब्ध गराउने	कागजात प्रमाण पेश गरेको आधारमा	करदाता सेवा शाखा/सहायता कक्ष काउण्टर नं.१ कर परिक्षण शाखा

		• आवश्यकता अनुसार कारोवार स्थलको भ्रमण निरीक्षण गर्न सहयोग गरी परीक्षण तथा अनुसन्धानमा पूर्ण सहयोग गर्ने		

- आन्तरिक राजस्व विभागको Online सर्भिसबाट विवरण भरी दरखास्त पेश गर्ने, विभिन्न विवरणहरु दाखिला गर्ने तथा कर भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ ।माथिका धेरैजसो सेवाहरूमा कुनै दस्तुर नलाग्ने उल्लेख छ ('लाग्ने दस्तुर' शीर्षकमा उल्लेख नभएको)
- बायोमेट्रिक दर्ताका लागि सम्वन्धित करदाता अनिवार्य उपस्थित हुन पर्नेछ ।

९. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

कार्यालय प्रमुखः श्री भिम प्रसाद काफ्ले

१०. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालय प्रमुखः श्री भिम प्रसाद काफ्ले

११. सम्पादन गरेको कामको विवरण (२०८२ श्रावण-असोज)

११.१ जम्मा राजस्व संकलनः रु. हजार

राजस्वको प्रकार बमोजिमको संकलन प्रगतिः

क.सं.	राजस्वको प्रकार	श्रावण	भदौ	असोज	जम्मा
१	आयकर	३५६४९	२७५११	२९६३४	९२७९४
२	भाडा कर	३३१	२३७	३०७	८७५
३	ब्याज कर	१९१३	४५४	१९४६	४३१४
४	मू.अ.कर	५२९९५	१८६६८	२३०१०	९४६७३
५	अन्तःशुल्क	११४८३५	९३४५०	९४९८५	३०३२७०
६	स्वास्थ्य सेवा कर	९०	०	९०	१८०
७	शिक्षा सेवा शुल्क	०	२५५	८६०	१११५
जम्मा		**२०५८१३**	**१४०५७५**	**१५०८३२**	**४९७२२१**

महिनाअनुसारको लक्ष्य, संकलन र उपलब्धी:

क्र.सं.	महिना	लक्ष्य (रु.)	संकलन (रु.)	उपलब्धी (%)
१	श्रावण	२४५८८९	२०५८१३	८३.७०
२	भदौ	१३७४२८	१४०५७५	१०२.२८
३	असोज	१६८९१९	१५०८३२	८९.२९
श्रावण देखि असोज सम्मको जम्मा:		**५५२२३६**	**४९७२२१**	**९०.०४**

दर्ता/नवीकरण (२०८२ श्रावण-असोज)

११.१ नयाँ PAN जारी संख्या: ३३०

११.२ P-PAN जारी संख्या: १७६७

११.३ VAT रेजिष्ट्रेशन संख्या: ८५

११.४ अन्तःशुल्क दर्ता/नवीकरण संख्या: २९

११.५ बजार अनुगमन: ०

१२. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.

क्र.सं.	जिम्मेवारी	नाम	पद	सम्पर्क नं.
१	कार्यालय प्रमुख	श्री भिम प्रसाद काफ्ले	प्रमुख कर अधिकृत	९८५२७६६३८८
२	सूचना अधिकारी	श्री प्रमोद दास	कर अधिकृत	९८४०५८८११११

१३. अडियो नोटीस बोर्ड, वेवसाइट र पेजः

यस कार्यालयको आफ्नै वेवसाइट छैन। कार्यालयबाट सम्पादित हुने काम र महत्वपूर्ण सूचना आन्तरिक राजस्व विभागको वेवसाइट **ird.gov.np/branch/iro-lahan** बाट प्राप्त गर्न सकिन्छ। करदाताको Facebook को बढ्दो प्रयोगलाई ध्यानमा राखेर आन्तरिक राजस्व कार्यालय लहानको (**https://www.facebook.com/vatofficelahan**) नामको फेसबुक पेज सञ्चालनमा रहेको छ।

१४. प्राथमिक ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

ऐनः	नियमावलीः
१. आयकर ऐन, २०५८	१. आयकर नियमावली, २०५९
२. मूल्य अभिवृद्धि कर ऐन, २०५२	२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३
३. अन्तःशुल्क ऐन, २०५८	३. अन्तःशुल्क नियमावली, २०५९

४. मदिरा ऐन, २०३१ ४. मदिरा नियम, २०३३

५. (छाल खाली) आर्थिक ऐनहरुः

निर्देशिकाः

१. आयकर निर्देशिका, २०६६

२.मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९

३. शिक्षा सेवा शुल्क निर्देशिका, २०६५

४. स्वास्थ्य सेवा शुल्क निर्देशिका, २०६५

५. बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका, २०६८

६. स्वीकृत प्राप्त निकायले स्थायी लेखा नम्बर प्रदान गर्न सम्बन्धी निर्देशिका, २०६३

७. सेवा प्रवाह निर्देशिका, २०६७

१५. कर प्रशासनको अनुरोधः

- स्थायी लेखा नम्बर (PAN) लिएर मात्र व्यावसायिक कारोबार गरौं।
- विद्युतीय माध्यमबाट विवरण फाइलिंग गरौं।
- करको भुक्तानी म्यादभित्रै गरौं।
- कर छलीका सूचना छन् भने जानकारी गराऔं।
- कर तिरौं, आफ्नो आम्दानीको वैद्यता सुनिश्चित गरौं।
- कर तिर्नु कर्तव्य र गौरव दुवै हो।
- मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको कारोबार गर्नेले वार्षिक रु. ५० लाख, वस्तु तथा सेवाको मिश्रित कारोबार र सेवाको कारोबार गर्नेले वार्षिक रु. ३० लाख भन्दा बढीको कारोबार गर्ने भएमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने दिने गरौं।
- कारोबार स्थलमा सबैले देख्ने गरी कर दर्ता प्रमाण पत्र र करपाटी राखौं।
- इजाजत पत्र लिएर मात्र अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गरौं।
- मदिरा र सूर्तिजन्य वस्तुको कारोबार स्थलबाट अन्य वस्तुको कारोबार नगरौं।
- १८ वर्ष नपुगेका बालबालिकाहरूलाई मदिरा तथा चुरोटको बेचबिखन नगरौं।
- मदिराको बेचबिखन बिहान १० बजेदेखि बेलुका १० बजेसम्म मात्र गरौं।
- प्रत्येक बोतल तथा बट्टामा अन्तःशुल्क स्टिकर लागेको मदिरा तथा चुरोटको उपभोग गरौं।
- कर तिरौं, स्वाधीन अर्थतन्त्र निर्माण गर्न सहयोग गरौं।

१६. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

खर्चको फाँटवारी (चालु खर्च)

महिना: असोज महिनासम्म आर्थिक वर्ष २०८२/०८३ म.ले.प.फा.नं.२१०

खर्च/वितीय संकेत नम्बर / नाम	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२१११११ पारिश्रमिक कर्मचारी	१४,१४४,०००.००	३,३६९,४०५.६०	२,३१३,३०३.३०	३,३६९,४०५.६०	१०,७७४,५९४.४०
२११३१ पोषाक	२३०,०००.००	०.००	०.००	०.००	२३०,०००.००
२११३२ महँगी भत्ता	५५२,०००.००	२६५,०००.००	१६५,०००.००	२६५,०००.००	२८७,०००.००
२११३४ कर्मचारी बैठक भत्ता	१६२,०००.००	०.००	०.००	०.००	१६२,०००.००
२११३९ अन्य भत्ता	५५,०००.००	०.००	०.००	०.००	५५,०००.००
२१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	९०,०००.००	३५,०६१.३०	२३,३७४.२०	३५,०६१.३०	५४,९३८.७०
२१२१३ योगदानमा आधारित बीमा कोष खर्च	१११,०००.००	२१,२००.००	१३,२००.००	२१,२००.००	८९,८००.००
२२१११ पानी तथा बिजुली	८६४,०००.००	७३,९७९.००	०.००	७३,९७९.००	७९०,०२१.००
२२११२ सञ्चार महसुल	४९२,०००.००	९८०.००	९८०.००	९८०.००	४९१,०२०.००
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	१,०२०,०००.००	१३६,८९३.००	८२,६९३.००	१३६,८९३.००	८८३,१०७.००
२२२१३ सवारी साधन मर्मत खर्च	७९६,०००.००	९९,६८१.००	९९,६८१.००	९९,६८१.००	६९६,३१९.००

२२२१४ बीमा तथा नवीकरण खर्च	१२६,०००.००	०.००	०.००	०.००	१२६,०००.००
२२२२१ मेशिनरी तथा औजार मर्मत	७२५,०००.००	५१३,८६४.००	०.००	५१३,८६४.००	२११,१३६.००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	५००,०००.००	०.००	०.००	०.००	५००,०००.००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	१,१९६,०००.००	४५०,८०२.००	३२३,६७१.००	४५०,८०२.००	७४५,१९८.००
२२३१४ इन्धन - अन्य प्रयोजन	१३०,०००.००	०.००	०.००	०.००	१३०,०००.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	३५०,०००.००	०.००	०.००	०.००	३५०,०००.००
२२४१३ करार सेवा	१,१४०,०००.००	२९५,६००.००	१६५,२००.००	२९५,६००.००	८४४,४००.००
२२४१९ अन्य सेवा शुल्क	१,८२७,०००.००	४४६,९८४.००	३३५,२३८.००	४४६,९८४.००	१,३८०,०१६.००
२२५२२ कार्यक्रम खर्च	४०५,०००.००	०.००	०.००	०.००	४०५,०००.००
२२६११ अनुगमन, मूल्यांकन खर्च	३३८,०००.००	७५,८५०.००	५१,४५०.००	७५,८५०.००	२६२,१५०.००
२२६१२ भ्रमण खर्च	१६८,०००.००	०.००	०.००	०.००	१६८,०००.००
२२७११ विविध खर्च	३५२,०००.००	१२७,८७२.००	६८,८३५.००	१२७,८७२.००	२२४,१२८.००
२८१४२ घरभाडा	३००,०००.००	०.००	०.००	०.००	३००,०००.००
जम्मा	**२६,०७३,०००.००**	**५,९१३,१७१.९**	**३,६४२,६२५.५**	**५,९१३,१७१.९०**	**२०,१५९,८२८.१०**

खर्चको फाँटवारी (पूँजीगत खर्च)

आर्थिक वर्ष २०८२/०८३

महिनाः असोज महिनासम्म आर्थिक वर्ष २०८२/०८३ म.ले.प.फा२१०

क्र.सं.	शिर्षक नं.	वार्षिक बजेट	असोज महिनासम्मको खर्च/निकासा	बाँकी बजेट
१	३११२२ मेशिनरी तथा औजार	२७६,०००.००	०.००	२७६,०००.००
२	३११२३ फर्निचर तथा फिक्चर्स	९२,०००.००	०.००	९२,०००.००
३	३११६१ निर्मित भवनको संरचनात्मक सुधार जम्मा	६००,०००.००	०.००	६००,०००.००
जम्मा		**९६८,०००.००**	**०.००**	**९६८,०००.००**

१७. <u>कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको विवरण:</u>

सार्वजनिक महत्वका सबै सूचना खुल्ला रहने।

१८. <u>कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषय:</u>

यो अवधिमा कुनै निवेदन परेन।

१९. <u>कार्यालयका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण:</u>

आन्तरिक राजस्व विभाग अन्तर्गत रहेको आन्तरिक राजस्व कार्यालय, लहान अन्तर्गत करदाता सेवा कार्यालय-राजविराज, करदाता सेवा कार्यालय-गाईघाट, करदाता सेवा कार्यालय-लुक्ला, करदाता सेवा कार्यालय-दिक्तेल, करदाता सेवा कार्यालय-ओखलढुङ्गा रहेका छन्। उल्लेखित सेवा कार्यालय आन्तरिक राजस्व विभागबाट समेत यस कार्यालयसम्मको सूचना प्राप्त गर्न सकिन्छ।

२०. <u>सूचनाको हक सम्बन्धी महत्वपूर्ण जानकारी:</u>

१. संसारमा सूचनाको हक सम्बन्धी कानून जारी गर्ने पहिलो मुलुक स्वीडेन हो। स्वीडेनमा सन् १७६६ मा सूचनाको हक सम्बन्धी कानून जारी भएको हो। नेपालमा सन् २०७७ (वि.सं. २०६४) मा सूचनाको हक सम्बन्धी कानून जारी भयो।

२. सन् १९४८ मा जारी विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरिएको छ। नेपालको संविधानमा नेपाली नागरिकलाई सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ।

३. 'इन्टरनेशनल राइट टु नो' दुनियांको राजधानी सोफियाबाट सन् २००२ को सेप्टेम्बर २८ बाट आरम्भ भएको हो। सन् २०१६ देखि यस दिवसको नाम 'इन्टरनेशनल डे फर युनिभर्सल एक्सेस टु इन्फरमेशन' मा रूपान्तरण भएको छ।

४. नेपालमा सूचनाको हक सम्बन्धी कानून २०६४ श्रावण ५ मा व्यवस्थापिका संसदबाट प्रमाणीकरण भएकोमा २०६४ माघ ३ देखि लागू भएको हो। प्रत्येक वर्ष सूचनाको हक सम्बन्धी कानून लागू भएको दिन भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रूपमा मनाइन्छ।

५. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्था बमोजिम २०६५ बैशाख २२ गते आयोगको स्थापना भएको हो।

६. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको परिभाषाभित्र पर्ने सरकारी कार्यालय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सार्वजनिक निकायले आफ्नो निकायको ३/३ महिनाको विवरण सार्वजनिक गर्नुपर्छ। ती निकायले सूचना अधिकारी तोक्नुपर्छ। साथै सूचना अद्यावधिक गरी राख्नुपर्दछ।

सम्पर्क: ०३३-५६३१८८
कार्यालयको नाम: आन्तरिक राजस्व कार्यालय, लहान
ठेगाना: लहान न.पा. ८, सिरहा
ई-मेल: iro15@ird.gov.np